मानननीय नवल किशोर साह सुडी
मन्त्री
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

नेपाल सरकार
Government of Nepal

Hon'ble Nawal Kishore Sah Sudi
Minister
Ministry of Women, Children and Senior Citizen
Singhadurbar, Kathmandu, Nepal

# शुभकामना सन्देश

च.नं.
Ref. No.

सन् २००२ मा काठमाण्डौंमा सम्पन्न दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को एघारौं शिखर सम्मेलनबाट पारित महिला तथा बालबालिका बेचबिखन विरुद्धको सार्क महासन्धी २००२ लाई वि.सं. २०६३ भाद्र २० गते तत्कालीन प्रतिनिधिसभाबाट अनुमोदन गरिएको दिनलाई स्मरण गर्दै नेपाल सरकारले हरेक वर्ष भाद्र २० गतेलाई मानव बेचविखन विरुद्धको राष्ट्रिय दिवस मनाउन शुरु गरेको हो ।

**"तीनै तहका सरकार मिली गरौं हातेमालो: मानब बेचबिखनको हटाऔं दुष्चक्रको जालो"** भन्ने राष्ट्रिय नाराका साथ मानव बेचबिखन तथा ओसारपसार विरुद्धको १९औं राष्ट्रिय दिवस, २०८२ मनाउन गईरहेका छौं। यस अवसरमा मानव बेचविखन तथा ओसारपसारका क्षेत्रमा निरन्तर खटिइ महत्वपूर्ण योगदान पुर्याउनु हुने सरकारी तथा गैर सरकारी संघ संस्था, नागरिक समाज, पीडित/प्रभावित, सामाजिक अभियन्ता लगायत सम्पूर्णमा अझै यस क्षेत्रमा क्रियाशील भई काम गर्ने प्रेरणा मिलोस् भन्ने शुभकामना दिन चाहन्छु।

मानव बेचबिखन तथा ओसारपसार एक जघन्य अपराध हो, यो सामाजिक रुपमा निन्दनीय, कानूनी रुपमा दण्डनीय छ। समाजको कलङ्कको रुपमा रहेको यस जघन्य अपराधको रोकथाम र नियन्त्रण गर्नका साथै मानव बेचबिखन तथा ओसारपसार पीडित तथा प्रभावितहरुको उद्धार, पुनर्स्थापना, मनोपरामर्श सेवा तथा कानूनी उपचारको लागि नेपाल सरकारद्वारा विभिन्न कानूनी, संरचनागत र संस्थागत प्रयासहरु भईरहेका छन् । मानव बेचबिखन तथा ओसारपसार जस्तो जघन्य अपराधलाई जरै देखि उन्मूलन गर्न, पीडितलाई उचित न्याय दिलाउन र पीडकलाई कानूनी दायरामा ल्याउन सकियोस् भन्ने उद्देश्यले नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धि, महासन्धि, संझौताहरुलाई अनुमोदन गरी सोही बमोजिम कानून निर्माण तथा परिमार्जन गर्न संस्थागत संयन्त्रको निर्माण गरी कार्यान्वयन गरिरहेको छ ।

मानव बेचबिखन तथा ओसारपसारका प्रकृति, स्वरुप र आयामहरुमा पनि परिवर्तन हुँदै आएको सन्दर्भमा यसको नियन्त्रणको लागि मन्त्रालयले विभिन्न सरकारी तथा गैर सरकारी निकाय, सरोकारवाला, नागरिक समाज, सञ्चार माध्यम लगायत सामाजिक अभियन्ताहरुसँग समन्वय, सहयोग एवम् पीडितहरुको सशक्तीकरण गर्दै अगाडि बढ्नु पर्ने आवश्यकता छ। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन संशोधनको लागि व्यवस्थापिका संसदमा विचाराधीन रहेको छ भने मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण नीतिको मस्यौदा छिट्टै मन्त्रिपरिषदमा पेश गर्ने तयारीमा रहेको कुरा जानकारी गराउन चाहान्छु।

रोजगारीको प्रलोभनमा परी पीडितहरु पुनः बेचबिखनमा पर्न सक्ने हुँदा यस्तो अवस्थामा पीडित प्रभावितको उद्धार र संरक्षण मात्र नभई जीविकोपार्जनका लागि रोजगार तथा स्वरोजगारमूलक सीप विकास तथा वित्तीय पहुच टेवा सहयोग तथा आर्थिक सशक्तीकरण गरी आत्मनिर्भर बनाउने कार्यक्रमहरु सञ्चालन भईरहेका छन्। मन्त्रालयले पीडित तथा प्रभावितको सशक्तीकरणका लागि अन्तरक्रिया, रोजगार/स्वरोजगारमूलक सीप विकास तालिम सञ्चालन गरी रोजगारीमा आबद्ध गराउने गरी कार्यक्रम तय गरेको छ।

मानव बेचबिखन तथा ओसारपसार विरुद्धको १९ औं राष्ट्रिय दिवसको अवसरमा संघ, प्रदेश तथा स्थानीय तीनै तहका सरकार, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा क्रियाशील व्यक्ति, गैर सरकारी संस्था, नागरिक समाज, सामाजिक अभियन्ता, सञ्चार माध्यम एवं सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरुमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा अहम् भूमिका निर्वाह गर्दै सहकार्य र सहयोग गरिदिनुहुन अनुरोध गर्दछु। साथै यस क्षेत्रमा उल्लेखनीय कार्य गरी आजको यस दिवसको अवसरमा पुरस्कृत तथा सम्मानित हुन लाग्नु भएको सम्पूर्ण व्यक्ति तथा संस्थाहरुलाई बधाई दिन चाहान्छु। मानव बेचबिखन तथा ओसारपसार मुक्त मर्यादित समाज निर्माण कार्यमा हामी सबैलाई थप उर्जा र प्रेरणा मिलोस् भनी शुभकामना व्यक्त गर्दछु ।

भाद्र २०, २०८२

नवल किशोर साह सुडी
मन्त्री

मा. नवल किशोर साह सुडी
मन्त्री

फोन नं. : ४२००२८०/४२११९१२/४२००१५३ | फ्याक्स : ४२००११६ | इमेल : info@mowcsc.gov.np | वेवसाइट : www.mowcsc.gov.np
Phone. : 4200280/4211192/4200153 | Fax : 4200116/5526135 | Email : info@mowcsc.gov.np | Website : www.mowcsc.gov.np